कपुरकोट गाउँपालिका
कपुरकोट गाउँकार्यपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

भाग : ३ संख्याः १२ मितिः २०८१/०३/०६

## उपाध्यक्षसंग आमा-दिदीबहिनी  कार्यक्रम संचालन कार्यविधि- २०८१

गाउँ कार्यपालिकाबाट पारित मितिः २०८१/०३/०६
प्रमाणिकरण मितिः २०८१/०३/०६

प्रस्तावनाः कपुरकोट गाउँपालिका भित्र रहेका बिभिन्न संघ सस्थामा आबद्ध महिलाहरुलाई सामाजिक जागरण र पेशा व्यवसायमा आबद्द गराई रोजगारको सृजना गरि समाजमा रहेका कुःसंस्सकार र कुःकृतिलाई अन्त्य गरि समुन्नत कपुरकोटको  बिकासलाई टेवा पुर्याउने उदेश्यका साथ स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग कपुरकोट गाउँकार्यपालिकाले उपाध्यक्षसंग आमा-दिदीबहिनी कार्यक्रम संचालन कार्यविधि २०८१ स्वीकृत गरी लागु गरेको छ ।

### परिच्छेद–१

### प्रारम्भिकः

१. **संक्षिप्त नाम र प्रारम्भः** १) यस कार्यविधिको नाम कपुरकोट गाउँपालिकाको "उपाध्यक्ष संग आमा–दिदी बहिनी  कार्यक्रम संचालन कार्यविधि २०८१" रहेको छ ।

२) **यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भए देखि लागु हुनेछ ।**

३) **परिभाषा- विषय वा प्रसंगले अको अर्थ नलागेमा यस कार्यविधिमाः**

ख) " गाउँपालिका" भन्नाले कपुरकोट गाउँपालिका सम्झनु पर्दछ ।

ग) "अध्यक्ष " भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

घ) "उपाध्यक्ष" भन्नाले कपुरकोट गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

ङ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले स्थानिय सरकार सञ्चालन ऐनको दफा ८४ वमोजिमको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

च) "कार्यपालिका" भन्नाले कपुरकोट गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

छ) ‘‘गाउँ सभा’’ भन्नाले संविधानको धारा २२२ को उपधारा (१) वमोजिम गाउँसभा सम्झनु पर्छ ।

ज) ‘‘योजना’’ भन्नाले आयोजना तथा कार्यक्रमसमेतलाई जनाउँछ ।

झ) ‘‘वडा’’ भन्नाले गाउँपालिकाका वडा सम्झनु पर्छ ।

ञ) ‘‘वडा अध्यक्ष’’ भन्नाले वडाको अध्यक्ष सम्झनु पर्छ ।

ट) ‘‘सदस्य’’ भन्नाले गाउँपालिकाको वडा सदस्य सम्झनु पर्दछ ।

ठ) ‘‘वडा समिति’’ भन्नाले गाउँपालिकाको वडा समिति सम्झनु पर्दछ ।

ड) ‘‘महिला दिदि बहिनि ’’ भन्नाले कपुरकोट गाउँपालिका, भित्र रहेका बिभिन्न समुहमा आबद्ध भएका र आबद्ध नभएका महिलाहरुलाई सम्झनु पर्दछ।

ढ)‘‘संघ संस्था’’ भन्नाले समाज कल्याण ऐन अन्र्तगत दर्ता भएका र कपुरकोट गाउँपालिकामा दर्ता भएका आमा समुह, युवा क्लव, उपभोक्ता समिति, सहकारी संस्था, कृषि, पशु लगाएतका विभिन्न व्यवसायिक संस्था आदी लाई जनाउदछ ।

ण) उपाध्यक्ष संग आमा–दिदी बहिनी कार्यक्रम भन्नाले गाउँपालिका र वडा स्तरमा संचालन हुने सिपमुलक, आयमुलक र सचेतनामुलक कार्यक्रमलाई जनाउछ ।

त) "सचेतना कार्यक्रम" भन्नाले महिला शसक्तीकरण,घरेलु हिंसा,कानुनी सचेतना ,प्रजनन् स्वास्थ्य सम्बन्धी विविध कार्यक्रमहरुलाई जनाउदछ ।

थ) "क्षमता विकास कार्यक्रम" भन्नाले तालिम, अवलोकन भ्रमण, शिप विकास, साना उद्योग जस्ता कार्यक्रमलाई जनाउदछ ।

द) "सिप विकास कार्यक्रम" भन्नाले रोजगार मुलक तालिम, शिप, लगानी तथा साना उद्योग,साझेदारी सहयोगहरुलाई जनाउदछ ।

ध) विउ पुँजी हस्तान्तरण भन्नाले महिला समुहहरुमा घुम्तीकोष संचालनका लागी विउपुँजीको रुपमा हस्तान्तरण गरिने आर्थिक सहयोग लाई जनाउदछ ।

न). उपाध्यक्ष संग आमा–दिदी बहिनी कार्यक्रम भित्र दफा ४,५,६ र७ अन्तर्गत संचालन हुने कार्यक्रम भन्नाले तपशिलका बमोजिमको कार्याक्रमलाई जनाउँदछ ।

क )आमा–दिदी बहिनी र महिला समुहहरुको पुँजी निर्माणका लागी कार्यान्वयन गरिने कार्यक्रमहरु,

ख)हिंसा र उत्पढितम परेका महिलाहरुको उद्दार तथा पुनःस्थापना कार्यक्रमहरु,

ङ) दिदी बहिनी समुह र महिलाका छुटै कार्यक्रम

च) शशक्तिकरण कार्यक्रम

छ) सिपमुलक तालिमहरु संचालन

ज)विभिन्न महिला, वालिका लगाएतका समुह गठन परिचालन, व्यवस्थापन
झ)आयआर्जन कार्यक्रम कृषि, पशु, होमस्टे तथा घरेलु उद्दोग सञ्चालन सम्बन्धी कार्तक्रमहरु,
ञ)विद्यालय, कलेज स्तरीय युवा, महिला तथा वालवालिका लक्षित कार्यक्रम
ट)अभिभावकलाई महिला, हिंसा, छोरी सुरक्षा चेतना तथा छोरा वाल संरक्षण कार्यक्रम तथा वालवालिकाको प्रतिकार क्षमता शिप तालिम (सेल्फ

वालिका न्यायिक सहयोग कार्यक्रम
ड)बिपन्न जेहेन्दार छात्रा कार्यक्रम,
ढ)गै.स.स. साझेदारि गर्ने गरी तोकिएका सम्झौता अनुसारका कार्यक्रम
ण)अन्य कार्यपालिकाले तोकेका कार्यक्रमहरु ।

४) **कार्यविधि लागु हुने क्षेत्रः** यो कार्यविधि कपुरकोट गाउँपालिकाका सवै वडाहरुमा लागु हुनेछ ।

५)**घुम्तिकोष सञ्चालन सम्बन्धी व्यबस्थाः**गाउँपालिकाले यस कार्यविधिको शर्त र अधिनमा रहि महिलासमुहलाई प्रत्येक बर्ष घुम्तिकोष रकम उपलव्ध गराउन सक्नेछ ।

**६) बजेट व्यवस्थापन र त्यसको बाँडफाँड** -

उपाध्यक्षसँग आमा दिदिबहिनि कार्यक्रम सञ्चालनको लागि प्रत्येक बर्ष कोषको व्यवस्थापन निम्न अनुसार हुनेछ,

(१) गाउँसभाले प्रत्येक वर्ष यो कार्यक्रम कार्यान्वयनको लागि विनियोजन गरेको बजेटबाट ३०% रकम घुम्ती कोष हस्तान्तरणमा, २०% रकम सिप विकास कार्यक्रममा २०% रकम आय आर्जन कार्यक्रममा, १० प्रतिशत रकम सहायता तथा पुनस्थापनाका लागि तथा २०% रकम कार्यक्रम व्यवस्थापन तथा विविध महिलाको हितकारी तथा क्षमताविकासका कार्यमा खर्च गर्न सकिनेछ।

(२)यस कार्यक्रमको सञ्चालन तथा व्यवस्थापनको लागी गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा २ जना महिला कार्यपालिका सदस्य, २ जना दलित ,१ जना दलित महिला सदस्य रहेको ५ सदस्यीय समिति रहनेछ भने महिला,बालबालिका तथा ज्येष्ठ नागरिक ईकाई प्रमुख सद्स्य सचिव भई काम गर्ने छ ।

**(७)समितिको काम, कर्तव्य र अधिकारहरूः**

(क) कार्यक्रमको प्रस्तावना तयार पारी बजेट विनियोजनका लागि सभामा पेश गर्ने,
ख) लक्षित महिला समूह वा संस्थाहरूलाई प्रस्तावना माग गरी विभिन्न तोकेका मापदण्ड अनुसार कर्जा, घुम्ती कोष वा कार्यक्रम प्राप्त गर्ने समूह वा व्यक्ति छनोट गर्ने,
ग) कार्यक्रमको प्रभावकारिताको अनुगमन तथा सुपरिवेक्षण कार्य गर्ने,

घ) घुम्ती कोषको संरक्षकको रूपमा काम गर्ने,

**८) कर्जा, अनुदान र कार्यक्रम प्राप्त गर्ने लक्षीत बर्गको प्राथमिकिकरण सम्बन्धी व्यवस्था-**

१) विपन्न महिला,

२) विपन्न वर्ग

३)हिंसा पीडित महिला,

४)अपाङ्गता वा असस्थ आर्थिक अवस्था कमजोर भएका महिलाहरु,

५)दलित तथा एकल आर्थिक अवस्था कमजोर भएका महिलाहरु,

**९) कर्जा प्रवाह सम्बन्धि ब्यबस्था**

१)दफा १२ को (ख) बमोजिमको अनुदान तथा कर्जा प्रबाह गर्दा गाउँपालिकाभित्र रहेका सवै वडाहरू को महिलाहरूको अवस्था र आवश्यकता हेरेर मागअनुसार समितिले कर्जा र अनुदान प्रदान गर्न सक्नेछ। यसरी कर्जाको लागि माग भएका प्रस्तावहरुलाई समितिको बैठकको निर्णयानुसार लगानी गरिनेछ।

२)नयाँ उद्योग सञ्चालनको लागि समितिले तोकेअनुसार अनुदान प्रदान गर्न सकिनेछ। सञ्चालनमा रहेका तर समस्याग्रस्त उद्योगहरुलाई पनि कर्जा उपलब्ध गराउन सकिनेछ।

३)व्यवसायको प्रकृति हेरी कर्जा उपलब्ध गराउँदा समितिको निर्णय अनुसार बढिमा ३ किस्तामा उपलब्ध गराइनेछ। पहिलो किस्तामा कर्जा उपलब्ध गराउँदा सदुपयोग र प्रभावकारी भएको नदेखिएमा दोस्रो र तेस्रो वा दोस्रो किस्ता उपलब्ध गराउन समिति बाध्य हुनेछैन।

४) अस्थायी बासिन्दाहरूलाई समितिले कर्जा प्रवाह गर्दा टोल वा छिमेकमा स्थायिरुपमा बसोबास गरेका तीनजना व्यक्ति जमानी बसेको हुनुपर्नेछ।

५) कर्जा माग गर्ने समुहले अनुसुचि १ बमोजिमको ढाँचामा कर्जा माग फाराम भरेर पेश गर्नुपर्नेछ ।

६)समितिले कर्जा वा प्रस्तावना स्विकृत भएपछि अनुसुचि २ बमोजिमको ढाँचामा दुईपक्षिय सम्झौता गर्नुपर्नेछ ।

**१०) कर्जा लगानी र चुक्ता गर्ने शर्तहरू-** १)कार्यबिधीले लक्षित गरेका महिलालाई कर्जा प्रदान गर्नुपर्नेछ भने ऋणिले तीन वर्षभित्रमा लिएको कर्जा रकम चुक्ता गरिसक्नुपर्नेछ। सहकारीहरु तथा समुह समितिहरुलाई वार्षिक रुपमा थप कर्जा उपलब्ध गर्दै जान सकिनुका साथै पुरुस्कृत पनि गर्न सकिनेछ।

**११)आर्थिक सशक्तिकरणको लागि उद्योग व्यवसायमा लगानी सम्बन्धि व्यवस्थाः-**

१)आर्थिक सशक्तिकरणको लागि कृषि र पशुपालन कार्यक्रमको हकमा कर्जा लगानी र चुक्ताको लागि निम्न शर्तहरु पालना गर्नुपर्नेछ।

क)व्यवसाय सुरु गरेको छ महिनासम्म ब्याज र त्यसपछि सावा र ब्याज दुवै भुक्तानी गर्नुपर्नेछ।

ख) बढीमा तीन वर्ष भित्रमा कर्जा चुक्ता गरिसक्नुपर्नेछ।

ग)मासिक रूपमा साउन र पौष मसान्त भित्रमा ब्याज बुझाउनुपर्नेछ।

घ) विशेष कारणले समयमा रकम बुझाउन नसक्ने अवस्था आएमा तत्काल कारण खुलाएर समितिमा लिखित जानकारी गराउनुपर्नेछ। समितिमा आएको निवेदनमा छलफल गरी दफा १३ अनुसारका कारणहरु देखिन आएको अवस्थामा ऋण मिनाह समेत गर्न सकिनेछ

**१२)शैक्षिक सहजता कार्यक्रमः** विभिन्न कारणले शिक्षा आर्जन गर्नबाट वञ्चित भएका महिलाहरूको लागि निम्न कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

क) अनौपचारिक शिक्षा आर्जनको लागि तीन महिने तालिम

ख)ई-शिक्षा कार्यक्रम

ग) शिक्षा शाखा र विभिन्न संघसंस्थाहरूसँगको सहकार्य साझेदारीमा पनि अन्य विविध कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ।

घ)महिला सशक्तिकरण कार्यक्रम।

ङ)महिलाहरूलाई सशक्तिकरण गर्नको लागि निम्न कार्यहरू सञ्चालन गर्न सकिनेछ।

च) महिला हिंसा विरुद्धको अभियान तथा कार्यक्रम।

छ) महिला अधिकार कानुन सम्बन्धी सचेतना तथा प्रशिक्षण ।

ज)न्याय समिति र विभिन्न संघसंस्थाहरूको सहकार्य र साझेदारीमा पनि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

**१३) कर्जा मिना गर्न सक्ने अवस्थाहरूः** समितिले निम्न अवस्थामा वडा  र टोल

१)प्राकृतिक प्रकोपको कारण कर्जा चुक्ता गर्न नसकेको अवस्थामा ,

२) ऋणीको मृत्यु भएर असुल उपर गर्न कुनै आधार नभएमा ।

**१४)कार्यक्रमको प्रस्तावनासहित पेश गर्नुपर्ने कागजातहरूः**

क) वडा सिफारिस

ख)लक्षित वर्गपुष्टि गर्ने प्रमाण

ग) नेपाली नागरिकताको प्रतिलिपि

घ)पासपोर्ट साइजको फोटो दुईप्रति

ङ) व्यावसाय दर्ताको प्रमाणपत्र शैक्षिक योग्यता प्रमाणपत्र तथा तालिमको प्रमाणपत्र प्रतिलिपि

च)आमा समूह तथा संस्थागतको लागि वडा सिफारिस संस्था दर्ता संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि

छ)संस्थागत निर्णयको प्रतिलिपि

ज) लेखा परीक्षण प्रतिवेदन

झ)कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

**१५)अनुगमन सम्बन्धी व्यवस्थाः**

कार्यक्रमलाई प्रभावकारी बनाउने शर्तको अधीनमा रही गाउँपालिका र वडा समितिलबाट निम्न बमोजिम अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

१)कार्यक्रममा गर्दा कार्यक्रम अनुसार अनुसूची १ को क ,ख, ग र अनुसुची २ अनुसारको ढाँचामा फारम भरेको अधिनमा रहि अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

२)अनुगमन सम्बन्धि अन्य ब्यबस्था समितिबाट तोकिएबमोजिम हुनेछ ।

**१६) संघसस्था अनिवार्य दर्ता तथा नवीकरण सम्बन्धी व्यवस्था**-

१) यस कार्यक्रममा सहभागी हुन चाहने महिला समूह, संस्था वा सहकारीले अनिवार्य रुपमा गाउँपालिकामा आफ्नो संस्था दर्ता र वार्षिक रुपमा नवीकरण गरेको हुनुपर्नेछ।

२)प्यान नम्बर र वार्षिक लेखा परीक्षण समेत गराउनुपर्नेछ भने सामाजिक,व्यक्तिगत रुपमा गरिने सहयोग प्राप्त गर्न कुनै एक महिला समूह वा संस्थामा आबद्ध भएको हुनुपर्नेछ।

**१७) असुल तथा कारबाही हुने सम्वन्धि ब्यबस्था** - यस कार्यक्रमबाट लिएको कर्जा, अनुदान वा सहायता दुरुपयोग वा अनियमितता गर्नेलाई प्रचलित कानुन बमोजिम असुल उपर गरी कारबाही गरिनेछ।

१८)**शंशोधनः** यस कार्यविधिको कार्यन्वयनमा कुनै समस्या देखियमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन शंशोधन गर्न सक्नेछ ।

१९) **खारेजी र वचाउः** यस कार्यविधि कार्यान्वयनमा कुनै दुबिधा उत्पन्न भएमा गाउँपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ भने कुनै दफा, उपदफा, प्रदेश कानुन र संघिय कानुन संग वाझियमा वाझियको हद सम्म अमान्य हुनेछ ।

अनुसूची १

निवेदनको नमुना

दफा ९(५)सँग सम्बन्धित

उपाध्यक्षसँग आमा दिदीबहिनी कार्यक्रम

क) व्यक्तिगत कर्जा माग

फारमः

मितिः

श्री संयोजकज्यू

उपाध्यक्षसँग महिला दिदीबहिनी सञ्चालन समिति

कपुरकोट गाउँपालिका सल्यान

विषयः कर्जा उपलब्ध गराई पाउँ।

महोदय;

कपुरकोट गाउँपालिकाबाट सञ्चालित उपाध्यक्षसँग महिला दिदीबहिनी कार्यक्रम आ.व. ... बाट गरिने कर्जा

श्री छोरी श्रीमती कपुरकोट गाउँपालिका वडा नम्बर बस्ने वर्ष को श्री ............... ले उपाध्यक्षसँग महिला आमा दिदि बहिनी कार्यक्रम उद्देश्य अनुरुप आयआर्जन गर्ने निम्नानुसारको व्यवसाय सञ्चालन गर्न रकम आवश्यक परेको हुँदा तपसिल बमोजिमको व्यवसाय सञ्चालन गर्नको लागि रकम उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु।

१) लक्षित वर्गः

क) विपन्न वर्गको महिला

ख) आर्थिक अवस्था कमजोर भएका तथा अशक्त महिलाहरू

२) व्यवसायको नामः

३) व्यवसाय सञ्चालन गर्ने स्थानःटोल र सम्पर्क न. सहितः

४)संलग्न कागजातहरूः

अन्यः

**अनुसुचीः२ दफा ९(६)सँग सम्बन्धित** **सम्झौता पत्र**

कपुरकोट गाउँपालिकाको स्वीकृति वार्षिक बजेटअनुसार सामाजिक विकासतर्फ उपाध्यक्षसँग महिला दिदीबहिनी कार्यक्रम अन्तर्गत कार्यक्रमका कार्यान्वयनका लागि अनुदान तथा कर्जा परिचालन गर्दा प्रथम पक्ष र दोस्रो पक्षबीच उल्लेखित बजेट तथा शर्तहरूको अधीनमा रहे आपसी सहमतिमा यो सम्झौता पत्र लिने दिने गरिएको छ

१)सम्झौताका शर्तहरू..............................

क- प्रथम पक्ष अपरकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सल्यान

ख) दोस्रो पक्षः

२) बजेट व्यवस्थाः

क) आ.व.

क)प्रस्तावित रकमः

ख) स्वीकृत भएको रकमः

ग) कार्यक्रमको नामः

घ)दोस्रो पक्षको सहभागिता रकम

.ङ) आयोजना तथा कार्यक्रम सञ्चालन हुने र सम्पन्न हुने अवधिः

३)शर्तहरूः

१)दोस्रो पक्षले पहिलो पक्षलाई कर्जा लगेको छ महिनामा कर्जाको ब्याज मात्र भुक्तानी गर्नुपर्ने र त्यसपछि........................................ दरले भुक्तानी गर्नुपर्नेछ।

२) दोस्रो पक्षले आफू अन्तर्गतका फर्म वा सदस्यलाई कर्जा परिचालन गर्दा व्यक्तिगत रुपमा भएमा अरु बेलादेखि ५ लाखसम्म परिचालन गर्न सक्नेछ।

३) कार्यविधिको अधिन र शर्त अनुरूप प्राप्त कर्जा तथा अनुदान सम्झौतामा उल्लेख गरेको कार्यक्रममा खर्च गर्नुपर्नेछ।

दोस्रो पक्षले पहिलो पक्षसँग आवश्यकता अनुसार अन्य सम्बन्धित संघसंस्थाहरूसँग समन्वय गरी कार्य सञ्चालन गर्नुपर्नेछ। दोस्रो पक्षले कार्य सम्पन्न गर्ने सकेपछि अन्तिम किस्ता भुक्तानी गरिनेछ

उल्लेखित शर्तको अधीनमा रहे पहिलो पक्ष र दोस्रो पक्षले शर्तको परिपालना गर्नुपर्ने छ

यस यस सम्झौताको सर्तहरू भन्दा बाहिरको विषयवस्तुमा कुनै समस्या उत्पन्न भएमा आपसी समझदारीमा समस्या समस्याको समाधान गरिनेछ।

| | |
|---|---|
| दोस्रो पक्षः<br>नामः<br>पदः<br>दस्तखतः<br>संस्थाको नामः<br>कार्यालयको<br>छापः रोहबारः-<br>मिति | दोस्रो पक्षः<br>नामः<br>पदः<br>दस्तखतः<br>संस्थाको नामः<br>कार्यालयको<br>छापः रोहबारः-<br>मिति |

रः-

...........................

आज्ञाले

भरत कुमार वली
प्रमुख प्रशासकिय अधिकृत